नेपाल सरकार

गृह मन्त्रालय

# इलाका प्रशासन कार्यालय, बनखुचौर

महाभारत - ६, काभ्रेपलाञ्चोक

पत्र संख्या : २०८०/८१
चलानी नं : १०१

Email: aaobanakhu@gmail.com

मितिः २०८०/०९/२२

श्री जिल्ला प्रशासन कार्यालय,
काभ्रेपलाञ्चोक।

**विषयः कार्यालयको नाम र स्थायी ठेगाना सम्बन्धमा।**

प्रस्तुत विषयमा यस इलाका प्रशासन कार्यालयको नाम हालसम्म इलाका प्रशासन कार्यालय, बनखुचौर र ठेगाना महाभारत गाउँपालिका - ६, काभ्रेपलाञ्चोक रहेको छ। यस कार्यालय स्थापना पश्चात् विभिन्न स्थानमा सर्दै हाल महाभारत गाउँपालिका वडा नं. ६ स्थित देवीटारमा सञ्चालन भईरहेको छ। यस स्थानमा महाभारत गाउँ कार्यपालिकाको कार्यालय, इलाका प्रहरी कार्यालय, देवीटार लगायतका सरकारी निकायहरुको स्थायी संरचना समेत रहेका छन् र यस इलाका प्रशासन कार्यालय समेत हाल यसै स्थानबाट सञ्चालन भईरहेको छ।

तर तहाँ लगायत विभिन्न सरकारी निकायबाट पत्राचार गर्दा कहिले इलाका प्रशासन कार्यालय, घर्तीछाप कहिले बनखुचौर, कहिले देवीटार कायम भई आउँदा कार्यालयको नाम र ठेगानाका सम्बन्धमा द्विविधा उत्पन्न भएकोले कार्यालयको नाम र ठेगानामा एकरुपता कायम गर्न अब उपरान्त यस कार्यालयको नाम **इलाका प्रशासन कार्यालय, देवीटार** र ठेगाना **महाभारत गाउँपालिका - ६, काभ्रेपलाञ्चोक** कायम गर्नको लागि सम्बन्धित निकायहरुमा सिफारिस गरिदिनु हुन एवम् यस कार्यालयको वेवसाईटमा भएको नाम समेत सोही बमोजिम परिवर्तन गर्न गृह मन्त्रालयमा सिफारिस गरिदिनु हुन सादर अनुरोध गर्दछु।

..................
शिवहरी दाहाल
(शाखा अधिकृत)

**सादर अवगतार्थः**
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक।